# मतदानमा जोड

भुवन केसी/तिलक पाठक

***प्रकाशित मिति:*** पुस ३०, २०७१

संविधानसभा संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिले संविधानका विवादित विषयलाई पुनः संविधानसभामा पठाएपछि काँग्रेस र एमालेले प्रकृयाबाटै ती विषयको छिनोफानो गर्नेमा जोड दिए । काँग्रेस र एमालेको बैठकले विवादित विषयलाई मतदानबाटै टुंगो लगाउने निर्णय गऱ्यो । एमाले अध्यक्ष ओलीले एमाओवादी सहमतिमा आउन नचाहेकाले कुनैपनि हालतमा प्रक्रिया रोक्न नमिल्ने बताए । तर, उनीहरुले एमाओवादी लगायतका दलहरुसँग सहमतिका लागि ढोका भने खुल्लै राखे । दुई दलबीच सहमति कायम गर्ने प्रयासलाई पनि निरन्तर अघि बढाउने सहमति भयो ।

यता, काँग्रेस संसदीय दलको बैठकमा पनि विवादित विषयमा सहमति नभए मतदानमा गएर भएपनि टुंगो लगाउनेबारे छलफल भयो । पार्टी सभापतिसमेत रहेका प्रधानमन्त्री सुशील कोइरालाले आफुहरुले जति सहमतिको कुरा गरेपनि एमाओवादी र मधेसवादी दलले आन्दोलनको मात्रै कुरा गरेकाले प्रक्रियामा अघि बढ्ने बताए । बैठकमा वरिष्ठ नेता शेरबहादुर देउवाले अन्तरिम शब्द हटाएर २०६३ सालको संविधानलाई नै जारी गर्नुपर्ने बताएका थिए । सहमति हुन नसके विकल्पका रुपमा आफ्नो प्रस्ताव उपयुक्त हुने देउवाको भनाइ थियो । तर, उपसभापति रामचन्द्र पौडेल, महामन्त्री कष्णप्रसाद सिटौला लगायतले देउवाले भने झैं अन्तरिम शब्द हटाएर संविधान जारी गर्ने अवस्था नरहेको टिप्पणी गरे ।

बैठकमा सभासद्हरुले भने काँग्रेस, एमाले लगायतका दलहरुले अघि सारेको साझा प्रस्तावलाई आवश्यक संशोधन गर्दै संविधानसभामा सिधै निर्णयार्थ पेश गर्नुपर्ने सुझाव दिए । बैठकले संविधान निर्माण प्रक्रियालाई अघि बढाउन संवैधानिक समितिमार्फत प्रस्तुत भएका प्रस्तावहरुमा संविधानसभाको अब बस्ने बैठकले निर्णय गरी मस्यौदा समितिमा पठाउन सुझाव दिने निर्णय गऱ्यो ।[1] पार्टी कार्यलय बल्खुमा बसेको एमाले स्थायी समितिको बैठकले पनि माघ ८ गते नै संविधान जारी गर्नुपर्नेमा जोड दियो । त्यसका लागि संविधानसभा निमयावलीका केही प्रावधानलाई निलम्बन गर्नुका साथै संवाद समितिमा काँग्रेस, एमाले लगायतका दलहरुले पेश गरेको साझा धारणालाई निणयार्थ पेश गर्नेपर्ने एमालेको निर्णय थियो ।[2]

उता मधेशी जनअधिकार फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले ३० दलिय गठबन्धन र ३३ दलिय मोर्चाले काँग्रेस र एमाले प्रक्रियाबाट अघि बढे प्रतिवाद गर्ने निर्णय भएको जानकारी दिए । संविधान निर्माणको विषयलाई लिएर अध्यक्ष सुवासचन्द्र नेम्वाङले राष्ट्रपति रामवरण यादव, प्रधानमन्त्री सुशील कोइराला, एमाले अध्यक्ष केपी शर्मा ओली, एमाओवादी अध्यक्ष पुष्पकमल दाहालसँग भेट गरे । नेम्वाङले सहमतिबाट अघि बढनुपर्ने राष्ट्रपतिको चाहना रहेको बताए ।

[1] नेपाली काँग्रेस संसदीय दलले २०७१ साल पुस ३० गते जारी गरेको प्रेस विज्ञप्ति ।

[2] फास्टट्र्याकमा जानुपर्ने एमालेको निर्णय । Retireved January 15, 2015 from http://www.chakrapath.com/content/cpn-uml-13.html

### बन्दको नयाँ मिति घोषणा

पहिचानसहितको संघीयता र संविधान जारी गर्नका लागि दबाब दिन भन्दै एमाओवादी नेतृत्वको ३० दलीय मोर्चाले माघ ५ गते देशव्यापी हडताल गर्ने घोषणा गरेको थियो । यस्तै मोहन बैद्य नेतृत्वको ३३ दलीय मोर्चाले ३ गते नेपाल बन्दको आह्वान गरेको थियो । दाहाल नेतृत्वको ३० दलीय गठवन्धन र वैद्यको नेतृत्वमा रहेको ३३ दलीय गठबन्धनका साथै पदमरत्न तुलाधरको नेतृत्वमा रहेको संयुक्त जनजाति आन्दोलनको बैठकले दुई दिनको बन्द स्थगित गर्ने निर्णय गर्दै माघ ६ गते संयुक्त रुपमा नेपाल बन्द गर्ने नयाँ निर्णय गरे । काँग्रेस संसदीय दलको बैठकले भने आन्दोलनका कार्यक्रम फिर्ता गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माणमा केन्द्रीत रहन एमाओवादीलगायतका दलहरुलाई आह्वान गर्‍यो ।[3]

### जनमत संग्रहको माग

राप्रपा नेपालले पत्रकार सम्मेलन गरी माघ ८ गतेभित्र संविधान नबन्ने भएकाले संविधानका विवादित विषय अर्थात् धर्मनिरपेक्षता, गणतन्त्र र संघीयताबारे फागुन वा चैत महिनामा जनमत संग्रह गर्न माग गर्‍यो । अन्तरिम संविधान र नियमावलीमा व्यवस्था भएबमोजिम जनताको राजकीय सत्ता र सम्प्रभुसत्ताको सम्मान गर्दै जनमत संग्रह गरिनुपर्ने राप्रपाको माग थियो ।[4] राप्रपा नेपालले संक्रमणकालको अन्त्य र जनमत संग्रहको फैसलाअनुरुप संविधान निर्माणको निमित्त राप्रपा नेपालले आगामी माघ ४ गतेदेखि देशव्यापी दबाबमुलक जनसंघर्षको कार्यक्रम सञ्चालन गर्ने घोषणा पनि गर्‍यो ।

### निष्कर्ष

काँग्रेस र एमाले माघ ८ गते संविधान जारी गर्नका लागि प्रक्रिया छोट्टाउने र मतदानबाट अघि बढ्ने भनी एमाओवादी लगायतका प्रतिपक्षी दलहरुमाथि थप दबाब सिर्जना गरे । छुट्टा-छुट्टै रुपमा बन्द आयोजना गर्दा प्रभावकारी नहुने निष्कर्ष निकाली विपक्षमा रहेका दलहरुले संयुक्त रुपले नेपाल बन्द गर्ने निर्णय गरे । काँग्रेस-एमालेले संविधानसभाभित्रको प्रक्रियासँगै वार्ता प्रक्रियालाई अघि बढाउने बताएपनि उनीहरुको सम्बन्ध विपक्षी दलहरुसँग थप बिग्रने स्थिति बन्यो । यसले द्वन्द्वको राजनीतिलाई थप बढ्वा दियो ।

[3] नेपाली काँग्रेस संसदीय दलले २०७१ साल पुस ३० गते जारी गरेको प्रेस विज्ञप्ति ।
[4] राप्रपा नेपालले २०७१ साल पुस ३० गते जारी गरेको प्रेस विज्ञप्ति ।

## पुस ३० को मुख्य राजनीतिक गतिविधि

- कांग्रेस र एमाले संयुक्त बैठक, संविधानका विवादित विषयलाई मतदान प्रक्रियाबाट अघि बढाउने सहमति ।

- काँग्रेस संसदीय दलको बैठक, संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिद्वारा पठाइएका प्रस्ताव संविधानसभाबाट संविधान मस्यौदा समितिमा पठाउन आग्रह ।

- एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको ३० दलीय गठबन्धन र नेकपा माओवादी अध्यक्ष मोहन बैद्य नेतृत्वको ३३ दलीय गठबन्धनको बैठक, माघ ३ र ५ गतेको छुट्टा छुट्टै बन्दको कार्यक्रम स्थगित गर्दै माघ ६ गते संयुक्त रुपमा आम हडताल गर्ने निर्णय ।

- राप्रपा नेपालद्वारा पत्रकार सम्मेलन, संविधानका विवादित विषयमा जनमत संग्रहमा जान माग ।

- संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङद्वारा राष्ट्रपति, प्रधानमन्त्री, एमाले अध्यक्षका साथै कांग्रेस, एमाले, एमाओवादी, मधेसी जनअधिकार फोरम लोकतान्त्रिक र फोरम नेपालका प्रमुख सचेतकसँग भेटघाट र परामर्श ।

- एमाओवादी लगायतका प्रतिपक्षी दलहरुद्वारा माघीको दिन बोलाइएको संविधानसभाको बैठक स्थगित गर्न माग, सूचना टाँसेर वैठक स्थगित ।

- एमाले स्थायी समितिको बैठक, माघ ८ गते संविधान जारी गर्न फास्ट ट्र्याकमा जानुपर्नेमा जोड ।